# पारस्परिक मूल्याङ्कन सम्बन्धी F2F Meeting सम्पन्न

मिति २०८०, बैशाख १३ गतेदेखि १५ गतेसम्म काठमाडौंमा पारस्परिक मूल्याङ्कन सम्बन्धी Face to Face (F2F) Meeting सम्पन्न भएको छ । एशिया प्यासिफिक समूह (APG) का मूल्याङ्कनकर्ताको टोलीले नेपालका सम्बद्ध निकायहरु, नियामक, सुपरिवेक्षक, अनुसन्धान तथा अभियोजन गर्ने निकायहरु लगायत विभिन्न ५७ वटा निकायहरुसँग छलफल गरेका थिए । APG का मूल्याङ्कनकर्ताको टोलीले तीनदिने F2F वैठक पश्चात मिति २०८०, बैशाख १५ गते मूख्य सचिव शंकरदास बैरागी र गभर्नर महा प्रसाद अधिकारीसँग भेट गरेको थियो । उक्त भेटमा APG सचिवालयका निर्देशक Shannon Rutherford ले पारस्परिक मूल्याङ्कनको हालसम्मको प्रगती बारे जानकारी गराएका थिए ।



F2F Meeting को अवधिमा प्राविधिक परिपालना (Technical Compliance) मा FATF का ४० वटा सिफारिस (Recommendations) अनुरुप कानूनहरु निर्माण भए/नभएको विषयमा तथा प्रभावकारिता (Effectiveness) मूल्याङ्कनमा कानुनहरुको कार्यान्वयनको अवस्थाबारे मूल्याङ्कन टोलीद्वारा प्रस्तुत भएका जिज्ञासामा विभिन्न सम्बन्धित सरकारी निकायहरुले जवाफ प्रस्तुत गरेका थिए । साथै यसअघि उक्त टोलीले पठाएको पारस्परिक मूल्याङ्कन प्रतिवेदनको पछिल्लो मस्यौदाका विभिन्न बुँदामा समेत छलफल भएको थियो ।

पारस्परिक मूल्याङ्कनको प्रक्रियामा वित्तीय जानकारी इकाईले APG सचिवालयसँग प्रमुख सम्पर्क विन्दुको रुपमा कार्य गरिरहेको छ भने इकाईका कर्मचारीहरु liaison अधिकृत तथा व्यवस्थापन टोली सदस्यको रुपमा कार्य गरिरहेका छन् ।



यसअघि मिति २०७९ असोज २६ गते देखि २८ गतेसम्म Pre-Onsite Viit तथा मिति २०७९ मंसिर १९ गते देखि पुस १ गतेसम्म Onsite visit भएको थियो । Onsite visit को सिलसिलामा मूल्याङ्कनकर्ताहरुले वित्तीय जानकारी इकाईको कार्यालय समेत अवलोकन गरेका थिए ।